# परिशिष्ट ज

## कार्यशालाको निष्कर्ष

क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विराटनगरले २०५५ भदौ २३ गते सुनसरीको इटहरीमा 'स्थानीय पत्रिकाका समस्या र समाधान' विषयक कार्यशालाको आयोजना गरेको थियो । सो कार्यशालाले पत्रपत्रिकाका समस्या समाधानका लागि क-कसले के-के गर्नुपर्ने भनी निकालेका निष्कर्ष सबैका लागि उपयोगी हुने ठानेर यहाँ प्रस्तुत गरिएको छ ।

**१. नेपाल पत्रकार महासङ्घले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- निर्भीक र निष्पक्ष समाचार प्रवाह गर्न सुरक्षाको कमी, साथै साधन र स्रोतको अभाव
- विज्ञापनको दररेटमा एकरूपता नहुनुका कारण विज्ञापन शुल्क घट्तै जानु र अखबारवालासँग मनमुटाव हुने स्थिति
- सञ्चार प्रविधि, स्रोत र साधनमा क्रमिक रूपमा भइरहेको मूल्यवृद्धि
- भूठो समाचार लेखेर पाठक तर्साउने पत्रकार र गैरपत्रकारहरूको बाहुल्य
- पेशागत सङ्गठनहरूको कमजोर स्थिति

**२. नेपाल प्रेस इन्स्टिच्युट (क्षेत्रीय सञ्चार स्रोत केन्द्र)ले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- दक्ष जनशक्तिको अभावका कारण अल्पकालीन र दीर्घकालीन तालिमको व्यवस्था
- व्यवस्थापनसम्बन्धी तालिम, प्रशिक्षण र सीपको अभाव
- सिर्जनशील र मिहिनेती पत्रकारहरूको अभाव

**३. सूचना विभागले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- मोफसलबाट प्रकाशित अखबारहरूले लोक कल्याणकारी विज्ञापन नपाउनु, सरकारी स्तरबाट विज्ञापन दिइँदा पनि पक्षपाती ढङ्गले दिइनु, दिइएका विज्ञापन पनि नियमित नहुनु
- एक महिना नियमित रूपमा निस्केका पत्रिकालाई अखबारी कागज सुविधा दिने पूर्ववत् व्यवस्था लागू नगर्नु
- पत्रिका २५ प्रति खरीद गर्ने नीति बन्द गरिनु

**४. प्रेस काउन्सिल नेपाल (मिडिया विकास कोषसमेत)ले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- पत्रिका मूल्याङ्कन परिपाटीमा हुने पक्षपातको अन्त्य
- पत्रिका प्रकाशन गर्नका लागि छापाखाना वा अफसेटको व्यवस्था
- व्यावसायिक ढङ्गबाट अघि बढ्नमा पीत पत्रकारिता गर्ने र औंसी-पूर्णेमा मात्र पत्रिका निकाली विज्ञापन खाने ध्येयले निकालिने पत्रिकाले बाधा पुगेकोले त्यसको नियन्त्रण
- स्थानीय पत्रपत्रिकाप्रति सरकारी दृष्टिकोण (साधनसम्पन्न र विपन्नलाई हेर्ने दृष्टिकोण र मूल्याङ्कन) मा सुधारको आवश्यकता

**५. स्थानीय प्रशासन र प्रहरीले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- समाचार प्रकाशनपछि धम्की र आक्रमण हुने कारणले सुरक्षाको समस्या विद्यमान हुनु
- मौसमी पत्रिकाले ग्राहक बनाउने र विज्ञापन उठाउने तथा ग्राहक बनाएका ठाउँमा पत्रिका नपुग्दा नियमित निस्कने पत्रिकालाई बाधा पुग्नु
- बिक्रेताहरूले पत्रिका बेचे पनि हिसाब दिने बेलामा झुलाउनु
- छापिएका समाचारको आधारमा स्थानीय प्रशासन र प्रहरीले कार्यवाही नगर्दा पाठकहरूको दृष्टिमा पत्रिका केही होइन भन्ने छाप पर्नु
- स्थानीय प्रशासनको असहयोग

**६. पत्रिका स्वयंले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- व्यवस्थापनको कमी
- एउटै समाचारलाई विभिन्न तरिकाले प्रकाशन
- राजनीतिकरण
- आर्थिक समस्याका कारण नियमित रूपमा पत्रिका प्रकाशन हुन नसक्नु
- केका लागि र कस्का लागि पत्रिका प्रकाशित गर्न लागिएको हो भन्ने स्पष्ट जानकारी स्वयं पत्रकारलाई नहुनु
- स्थानीय अखबारमा रासस वा अन्य पत्रिकाका समाचार साभार गरी प्रकाशन हुने भएकाले पाठकहरूको विश्वास जित्न कठिनाई पर्ने
- पत्रिकाहरू स्तरीय नहुनाले पाठकको अभाव
- प्रविधि महँगो हुनु र पूँजी लगानी गर्न तत्परता नदेखाउनु
- पत्रिकालाई संस्थागत पार्न नसक्नु,
- पाठकहरूको रुचि र राय जान्न पत्रकारले निरन्तर पाठकसमक्ष जाने र अन्तरक्रिया गर्नुपर्नेमा त्यस्तो हुन नसक्नु
- स्थानीय जनमानसमा स्थानीय पत्रिकालाई सबैले होस्टेमा हैंसे गरी बचाउनु पर्छ भन्ने भावनाको कमी
- पत्रिका बिक्री वितरणको समुचित व्यवस्था नहुनु र वितरित पत्रिकाको पनि पत्रिका पसलबाट हिसाब नआउनु

**७. नगरपालिका, जिविस, गाविस र कार्यालयहरू जस्ता स्थानीय निकायले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- जिल्लाभरिका गाविसले ग्राहक बनिदिए केही आर्थिक राहत हुने

- यथेष्ट मात्रामा विज्ञापनको अभाव (लोक कल्याणकारी विज्ञापन, स्थानीय सरकारी निकायबाट प्राप्त हुने विज्ञापन र व्यावसायिक विज्ञापन) र दिइए पनि पक्षपातपूर्ण व्यवहार
- स्थानीय पत्रिकालाई सुविधा दिने नाममा स्थापित संस्थाहरूबाट सहुलियत प्राप्त हुन नसक्नु
- नियमित पत्रिका प्रकाशित भैरहेका जिविस र नगरपालिकाहरूमा स्थानीय पत्रिकाको विकास पनि विकास हो भन्ने भावना जगाउनु पर्ने

**८. श्री ५ को सरकारले समाधानका लागि पहल गर्नु पर्ने समस्याहरू**

- श्री ५ को सरकारले सञ्चार बजेटबाट २० प्रतिशत रकम पत्रिकाहरूलाई विज्ञापनको रूपमा उपलब्ध गराउनु पर्ने
- श्री ५ को सरकारको आमसञ्चार नीति स्पष्ट हुनु पर्ने
- सरकारी पक्षबाट पत्रिका र प्रेस उद्योगका रूपमा प्रोत्साहित हुन नसक्नु
- सूचनाको हक निर्वाध रूपमा उपभोग गर्न नपाउनेसम्बन्धी समस्या
- पत्रकार र पत्रिकाको नाममा टेलिफोनहरू, टेलिफोन महसुलमा भ्याट, तीन मिनेट प्रतिकल र एस.टी.डी.मा छूट नहुनाले समाचार सम्प्रेषणमा समस्या
- सरकारी दृष्टिमा पत्रिकाहरू उपेक्षित
- सरकारी सुविधा सही ढङ्गले वितरण नगरिनु
- सूचना प्रवाह गर्ने आधिकारिक निकाय जिल्लामा स्थापना गरिनु पर्ने
- सरकारी कार्यालयहरूमा बजेट नहुँदा ती कार्यालयहरू पत्रिकाको ग्राहक नबन्ने गरेको
- राससको बुलेटिन साविककै दर (वार्षिक रु.४२०।-) मा पत्रपत्रिकालाई उपलब्ध गराउनु पर्ने
- संवाददाताहरूलाई समाचार सङ्कलन गर्न जाँदा सरकारी यातायातको भाडा सहुलियत नहुनु
- अखबारी कागजको पर्याप्त सुविधा नहुनु र मूल्यवृद्धि हुनु
- पत्रिका र पत्रकारहरूको सुरक्षाको प्रत्याभूति नहुनु
- रु.१० लाखभन्दा माथिको विज्ञापन राष्ट्रिय समाचार पत्रिकालाई मात्र उपलब्ध गराई मोफसलका पत्रिकालाई राष्ट्रिय मान्यता नदिनु
- शाही नेपाल वायुसेवा निगमले २५ प्रति पत्रिका खरीद गर्ने नीति बन्द गर्नाले स्थानीय पत्रिकालाई थप मार परेको ।